नि.नं१) प्रस्ताब नं १ माथि छलफल गर्दा यस निस्दी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको सरुवा भएकोले अर्को ब्यबस्था नभएसम्मको लागी यस गाउँपालिकामा कार्यरत जेष्ठतम् कर्मचारी श्री अर्जुन खनाललाई आर्थिक अधिकार सहितको निमित्त प्रमुख प्रशासकीय अधिकृत तोक्न संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाइ सिफारिस गर्ने निर्णय गरीयो ।

नि.नं २ ) प्रस्ताब नं २ माथि छलफल गर्दा यस निस्दी गा.पा वडा नं ४ को वडाअध्यक्ष श्री न्यो बहादुर सुनारीको असामयिक निधन भएकोले त्यसै वडाका वडा सदस्य श्री मन प्रसाद सोती लाइ कार्यवाहक वडा अध्यक्ष तोक्ने निर्णय गरीयो ।

नि.नं ३ ) प्रस्ताब नं ३ माथि छलफल गर्दा कोभिड १९ बाट हालसम्म मृत्यू भएका यस गा.पा भित्रका व्यक्तिको परिवारलाइ राहत स्वरुप रु २५००० प्रदान गर्ने निर्णय गरीयो । कोभिड १९ को जोखिमलाइ मध्यनजर गर्दै स्वास्थयकर्मीलाइ हाजिर भएको प्रतिदिन रु १५० बराबरको खाजा भत्ता प्रदान गर्ने निर्णय गरीयो ।

नि.नं ४ ) प्रस्ताब नं ४ माथि छलफल गर्दा घ बर्गको इजाजतपत्र कार्यबिधि २०७८ पारित गर्ने निर्णय गरीयो ।

नि.नं ५) प्रस्ताब नं ५ माथि छलफल गर्दा यस निस्दी गा.पामा रिक्त रहेको दरवन्दी इन्जीनियर , डक्टर , वडा नं १ स्वास्थ्य चौकीको कार्यालय सहयोगी , १ जना उधम विकास सहजकर्ताको बिज्ञापन गर्ने निर्णय गरीयो । खरिद योजना निर्माणको लागी देहायबमोजिमको समिति गठन गर्ने निर्णय गरीयो ।

संयोजक– प्र.प्र.अ

सदस्य– प्रशासन शाखा प्रमुख

सदस्य– आर्थिक प्रशासन शाखा प्रमुख

सदस्य– प्रबिधिक शाखा प्रमुख

सदस्य. सचिब– जिन्सी शाखा प्रमुख

साथै बिषयगत शाखा प्रमुखलाइ आमन्त्रीत सदस्यको रुपमा बोलाउन सकिनेछ ।

अध्यक्ष
मुक्त बहादुर सारु
निस्दी गाउँ पालिका, पाल्पा

नि.प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

राजिनामा स्वीकृत भएका बाहेक अन्य करार कर्मचारीको म्याद सकिएकै दिनबाट भदौ मसान्त सम्म म्याद थप गर्ने निर्णय गरीयो ।

अध्यक्ष
बहादुर साह
निस्दी गाउँपालिका, पाल्पा

नि.प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner